# दोरम्बा गाउँपालिकाको
# आर्थिक वर्ष ०७८/७९ को
# वार्षिक, नीति तथा कार्यक्रम

## दोरम्बा गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
टोकरपुर, रामेछाप

वाग्मती प्रदेश, नेपाल

# दोरम्बा गाउँपालिकाको आ.व. ०७८/७९ को लागि
# गाउँ कार्यपालिकाबाट स्वीकृत वार्षिक नीति तथा कार्यक्रम

श्री गाउँपालिका उपाध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरु, सभाका सदस्यज्यूहरु, शाखा प्रमुख लगायत सम्पूर्ण कर्मचारी साथीहरु तथा उपस्थित महानुभावहरु ।

दोरम्बा गाउपालिकाको नवौं गाउँ कार्यपालिकाको बैठकद्धारा स्वीकृत आगामी आर्थिक वर्ष २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक घोषणा भए पश्चात जारी भएको नेपालको संविधानको आधारमा गठित स्थानीय सरकारको अवधारणा अनुरुप यस दोरम्वा गाउँपालिकाको नवौं गाउँसभामा हामी  उपस्थित भएका छौं । यस घडीमा मुलुकको सर्वाङ्गीण विकासका लागि विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात महान शहीदहरुप्रति भावपूर्ण श्रदाञ्जली व्यक्त गर्दछु । साथै घाईतेहरुको स्वास्थ लाभको कामना पनि गर्दछु ।

हाल विश्वभर महामारीको रुपमा फैलिरहेको नयाँ भेरियण्ट सहितको नोवल कोरोना भाईरस (COVID-19) को कारण विश्व मानव जगत नै विषम संकटको घडीमा गुज्रिरहेको अवस्थामा यस गाउँपालिका पनि यसको प्रभावबाट अछुतो रहेको छैन । एकै पटक मानविय र आर्थिक सङ्कटको अवस्थामा संक्रमण जोखिम न्यूनिकरण र व्यवस्थापनका लागि गाउँपालिकाले गरेका हरेक क्रियाकलापमा सक्रिय सहयोग गर्नुहुने आदरणीय गाउँबासी आमाबुबा, दाजुभाई तथा दिदीबहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु र आगामी दिनहरुमा पनि यस्तै साथ, सुझाव, सहयोग र समन्वयको अपेक्षा गर्दै सम्पूर्ण गाउँपालिकाबासीहरुमा देशमा व्याप्त नयाँ भेरियण्ट सहितको कोभिड-१९ संक्रमण जोखिमबाट सुरक्षित रहन नेपाल सरकारले लागू गरेको स्वास्थ्य सुरक्षाको मापदण्ड पूर्ण रुपले पालना गर्नुहुन अनुरोध गर्दछु ।

दोरम्बा गाउँपालिका रामेछाप जिल्लाको स्थानीय तहमध्ये एक दुर्गम स्थानीय तह रहेको र यसको आन्तरिक आयको श्रोत ज्यादै न्यून रहेका कारण गाउँपालिकाद्धारा सञ्चालन गरिने हरेक विकास निर्माणका कार्य संघीय र प्रदेश सरकारको अनुदानमा मात्र निर्भर रहनुपर्ने अवस्था विद्यमान छ । केन्द्र सरकारबाट जनसंख्या, भुगोल र स्थानीय भारीत लागतको आधारमा प्राप्त हुने सिमित अनुदान, गाउँपालिकाको सिमित स्रोत साधनकै आधारमा असिमित जनआकाँक्षा पूरा गर्न असम्भव प्रायः रहेको यस अवस्थामा नेपालको संविधानमा भएका व्यवस्थाहरुलाई टेकेर, संघिय सरकार, प्रदेश सरकारले प्रस्तुत गरेको वार्षिक बजेट, नीति तथा कार्यक्रम लगायत नेपाल सरकारले स्वीकृत गरेका मापदण्डका आधारमा आज यस गरिमामय सभामा दोरम्बा गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७८/७९ का लागि वार्षिक नीति तथा कार्यक्रम यहाँहरु समक्ष पेश गरेको छु । जसलाई तपसील बमोजिम उल्लेख गर्दछु ।

## <u>क) आर्थिक विकास नीति</u>

### <u>कृषि तथा पर्यटन</u>

१. स्थानीय स्तरमा उत्पादन हुने गाउँपालिकाको कृषि गुरुयोजनाबाट उपयुक्त खेती भनी सिफारिस गरिएको फलफूलको व्यवसायिक खेतीको प्रवर्द्धन गरिने नीतिलाई निरन्तरतता दिइनेछ।
२. दोरम्बा गाउँपालिकामा संघिय सरकारको समन्वयमा आलु र फलफूल पकेट क्षेत्रको रुपमा विकास गर्ने नीतिलाई निरन्तरता दिइनेछ।
३. पानीको मूहान पहिचान गरी उर्वरशील/उत्पादनशील भूमी व्यवस्था गर्न साना सिंचाई, प्लाष्टिक पोखरी निर्माणमा अनुदान दिने कार्यक्रमको सुनिश्चितता गरिनेछ।
४. कृषि कार्यको लागि कृषकहरुलाई विभिन्न विउँ विजनमा ५० प्रतिशत अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।
५. किवी विकास कार्यक्रमको लागि भौतिक पूर्वाधार निर्माणमा ५० प्रतिशत अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।
६. ५० प्रतिशत अनुदानमा वितरण गरिदै आएको कृषि यान्त्रीकरण (मिनिटीलर) वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।
७. दोरम्बा गाउँपालिका भित्र उत्पादित अर्गानिक आलुको पहिचान गराउन लोगोसहितको जुटको बोरा छपाई गरी कृषकहरुलाई ८५ प्रतिशत अनुदानमा बोरा वितरण गर्ने कार्यक्रमलाई सुनिश्चित गरिनेछ।
८. ५० प्रतिशत अनुदानमा वितरण गर्दै आएको किवी, हिउँदे फलफूल, वर्षे फलफूलका बिरुवा वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ
९. हाल फलफूल तथा तरकारी बालीहरुमा महामारीको रुपमा देखा परेका विविध रोग, किरा नियन्त्रण गर्न विशेष कार्यक्रमको व्यवस्था गरिनेछ।
१०. विभिन्न बालीहरु र अन्य कृषिसँग सम्बन्धित विविध विषयहरुमा कृषकहरुको क्षमता विकासका लागि तालिमको व्यवस्था गरिनेछ।
११. माटो परीक्षण गर्न शिविर सञ्चालन गरी कृषि चुनको व्यवस्थामा जोड दिइनेछ।
१२. विभिन्न अन्न बाली, तरकारी, बालीको निःशुल्क सिड-किट वितरण गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।
१३. कृषि उत्पादनलाई पर्यटनसँग जोड्दै कृषकको आयआर्जन सुधारका लागि कृषि पर्यटन कार्यक्रम सञ्चालन गरिनेछ।
१४. तरकारी प्याकेज, हाटबजार सञ्चालन तथा प्रदर्शन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।
१५.दोरम्बा गाउँपालिका भित्र सञ्चालित होमस्टेहरुको क्षमता विकासको लागि कार्यक्रम सञ्चालन गरिनेछ।
१६. कृषि उपजहरुलाई वन्यजन्तुहरुबाट जोगाउन सो प्रभावित क्षेत्रका किसानहरुलाई आवश्यक प्रभावकारी प्रविधि, नियन्त्रण तथा व्यवस्थापन गर्ने कार्यत्रमको व्यवस्था गरिनेछ।
१७. मौरी विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ
१८. विभिन्न संस्थामार्फत कृषि तथा पर्यटन सम्बन्धी तालिमहरु सञ्चालन गरिनेछ।
१९. गाउँपालिका भित्रका किसानहरुलाई ५० प्रतिशत अनुदानमा आधुनिक कृषि औजार उपकरणहरु( सिकेचर, करौती, धान गहुँ कुट्ने मेसिन, स्पेयर, फलामको हलो, प्लास्टिक टनेल) वितरण कार्यलाई निरन्तरता दिईनेछ।
२०.कृषि क्षेत्रलाई प्रवर्द्धन गर्नका लागि अन्तर जिल्ला कृषि भ्रमणको व्यबस्था मिलाईनेछ।
२१. स्थानीयस्तरमा उत्पादित कृषि उपजहरुको कृषि व्यबसायीकीकरण गर्न गा.पा केन्द्र टोकरपुर, छहराबरीमा प्रत्येक हप्ताको शुक्रवारका दिन स्थानीय हाटबजार संचालन तथा व्यबस्थापन गरिनेछ।

२२. गाउँपालिकाभित्रको स्थानीय स्रोत साधनको प्रयोग गरी प्लास्टिक टनेल निर्माण गर्ने किसानहरुलाई प्रीविधिक सहयोग सहित ५० प्रतिशत अनुदानको व्यबस्था गरिनेछ।
२३. यस गाउँपालिका परिसरभित्र नमूना प्लास्टिक टनेल निर्माण गरी किसानहरुलाई तालीमको व्यबस्था गरिनेछ।

## उद्योग तथा सहकारी

१. दैनिक उपभोग्य वस्तुहरुलाई सस्तो र सुलभ मूल्यमा जनतालाई उपलब्ध गराउन कृषि सहकारी संस्थाको प्रवर्द्धनमा जोड दिइनेछ।

२.सहकारीमा आबद्ध पदाधिकारीको क्षमता विकासको लागि सहकारी तालिम सञ्चालन गरिनेछ।

३.सहकारी मार्फत स्थानीयस्तरमा उत्पादित कच्चा पदार्थहरुलाई सङ्कलन तथा प्रशोधन गरी घरेलु उद्योगको विकासमा जोड दिइनेछ।

४. कृषि सहकारीहरुमार्फत समयमै रासायनिक तथा जैविक मल उपलब्ध गराउने कार्यक्रमलाई जोड दिइनेछ।

५. सस्तो र गुणस्तरयुक्त खाद्यसामग्री उपलब्ध गराउनका लागि नियमित बजार अनुगमन गर्ने बजार अनुगमन समितिलाई सक्रिय गराउने नीतिलाई निरन्तरता दिइनेछ।

६. गैरसरकारी संघ-संस्थाबाट सञ्चालन गरिने सबै प्रकारका सेवाहरु गाउँपालिकाको एकद्वार प्रणालीमार्फत् सञ्चालन गर्न अनुमति दिइने नीतिलाई निरन्तरता दिइनेछ।

७. गाउँपालिका भित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालन गरिने योजना तथा आयोजनाहरुको अनुगमन, मूल्याङ्कन गर्ने कार्यक्रमलाई व्यवस्थित गर्ने नीतिलाई निरन्तरता गरिनेछ।

८. दोरम्बा गाउँपालिका भित्र सञ्चालित कृषि सहकारीहरुको प्रभावकारी तवरले अनुगमन गर्ने व्यवस्था गरिनेछ।

## पशु सेवा

१) युवाहरुलाई व्यवसायिक रुपमा पशुपालन व्यवसायमा संलग्न गराई रोजगारीको व्यवस्था गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

२) कृषकहरुलाई पशुपालन क्षेत्रमा आत्मनिर्भर बन्न परम्परागत पेशालाई व्यवसायिकरण गरिने नीतिलाई निरन्तरता दिइनेछ।

३) दुध, अण्डा, माछा, मासुको उत्पादन वृद्धि गरी गाउँपालिकालाई आत्मनिर्भर बनाउने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४) महामारि रोगबाट पशुपन्छि पालनमा हुनसक्ने आर्थिक जोखिम कम गर्न भ्याक्सिनेशन कार्यक्रम निरन्तर सञ्चालन गरिनेछ। पशुपालन व्यवसायलाई आकर्षित बनाउनका लागि पशु स्वास्थ्य शिविर सञ्चालन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५) दुधजन्य छुर्पी तथा घिउ उत्पादनको लागि चौरी संरक्षण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६) आर्थिकस्तर कमजोर भएका कृषकहरुका लागि पशुपालन सम्बन्धी आवश्यक परामर्श तथा औषधी उपलब्ध गरिनेछ।

७) आधुनिक तवरले पशुपालनको लागि कृषकहरुलाई आवश्यक तालिमको व्यवस्थापन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८) बेरोजगार युवाहरुलाई विदेश जानबाट रोक्नका लागि रोजगारमुलक पशुपालन व्यवसाय, कृषि खेती प्रवर्द्धन गर्ने नीति लिइनेछ।

९) कृषकलाई व्यवसायिक पशुपन्छीपालनमा आकर्षित गर्न नश्ल सुधार कार्यक्रमलाई प्रोत्साहन गरिनेछ। घाँसखेती एवम् वृहत चरीचरण क्षेत्रको विकास तथा गुणस्तरीय पशु स्वास्थ्यको विस्तार गरिनेछ।

१०) साना, निर्वाहमुखी, विपन्न र सीमान्तकृत समुदायका किसानको लागि गोठ, खोर, थलो सुधार कार्यक्रम सञ्चालन गरिनेछ।

११) पशुपन्छीमा लाग्ने विभिन्न महामारी रोग नियन्त्रणको लागि संघीय र प्रदेश सरकारको समन्वयमा रोग नियन्त्रणका कार्यक्रम सञ्चालन गरिनेछ।

१२) यस दोरम्बा गाउँपालिकालाई दुधमा आत्मनिर्भर गराउनका लागि संघीय सरकारको समन्वयमा भैंसी पकेट कार्यक्रम सञ्चालन गरिनेछ।

## ख) सामाजिक विकास नीति

### शिक्षा, युवा तथा खेलकुद

१. हाल विश्व महामारीको रुपमा फैलिएको नोवेल कोरोना भाइरस (कोभिड १९) को संक्रमणलाई मध्यनजर गर्दै विद्यार्थीहरुलाई उपयुक्त तथा प्रभावकारी वैकल्पिक प्रणालीमार्फत् शिक्षण सिकाईको व्यवस्था गरी विद्यार्थीहरुमा परेको मनोसामाजिक असर निवारण गर्न सकारात्मक सोचसहित सिर्जनाशिलता विकासका क्रियाकलापहरु सञ्चालन गरिनेछ।

२. सामुदायिक प्रारम्भिक बाल विकास शिक्षक, विद्यालय कर्मचारीहरुको मनोबल उच्च बनाई उनीहरुबाट प्रवाह हुने सेवाको गुणस्तर वृद्धि गर्नका लागि नेपाल सरकारले निर्धारण गरे बमोजिमको न्यूनतम मासिक पारिश्रमिक उपलब्ध गरिनेछ।

३. विद्यालयस्तरमा कम्प्युटर शिक्षालाई प्रोत्साहित गरिएको हुँदा सोही अनुसार सामुदायिक विद्यालयहरूमा कम्प्युटर शिक्षालाई प्रभावकारी बनाउदै लगिनेछ । साथै शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी, व्यावसायिक, प्रविधिमैत्री तथा शैक्षिक तथ्याङ्कलाई व्यवस्थित बनाउनका लागि प्रत्येक विद्यालयमा कम्प्युटर, प्रिन्टर, फोटोकपी मेसिन तथा इन्टरनेटको व्यवस्थापन गरिनेछ।

४. सामुदायिक विद्यालयको विद्यालय प्रशासन तथा शैक्षिक व्यवस्थापन पक्षलाई चुस्तदुस्त, प्रभावकारी र गुणस्तरमा अभिवृद्धि गर्नका लागि गाउँपालिकाले प्रचलित शिक्षा ऐन तथा नियमावलीको अधीनमा रही प्रधानाध्यापक नियुक्ति सम्बन्धी कार्यविधि तथा मापदण्ड बनाई वार्षिक सेवा करार सम्झौता गरी प्रधानाध्यापकको नियुक्ति गरिने व्यवस्था गरिनेछ । शिक्षकले प्रधानाध्यापकसँग र प्रधानाध्यापकले गाउँपालिकासँग कार्य सम्पादन सम्झौता करार गरी सिकाई उपलब्धिमा वृद्धि गरिनेछ।

५. दोरम्बा गाउँपालिका भित्र रहेका विभिन्न जातजाति, भाषाभाषी, धर्म, संस्कार र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनका लागि विशेष जोड दिइनेछ । जातीय बाहुल्यताको आधारमा सामुदायिक विद्यालयहरुमा मातृभाषा शिक्षाको पठनपाठनको व्यवस्था मिलाइनेछ ।

६. माध्यमिक विद्यालयहरुमा सञ्चालन गरिने 'एक विद्यालय, एक उद्यमशिल कार्यक्रम'लाई प्रभावकारी तवरले सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

७. शैक्षिक सत्र २०७८ देखि आधारभूत तहमा 'हाम्रो दोरम्बा' विषयक स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गरी शिक्षण सिकाई सञ्चालन गरिनेछ । स्थानीय ज्ञानमा अभिवृद्धि गरी स्थानीय विकासमा टेवा पुर्‍याइनेछ ।

८. गाउँपालिकाबाट स्वीकृत गाउँ शिक्षा ऐन तथा नियमावलीलाई संशोधन गरी पूर्ण बनाइनेछ । गाउँ शिक्षा ऐन, नियमावलीलाई सही कार्यान्वयन गरी शिक्षक, विद्यार्थी, शिक्षा प्रशासन, सम्पूर्ण शैक्षिक गतिविधि तथा क्रियाकलापलाई सोही परिधि भित्र रही कार्य गर्न प्रोत्साहन गरिनेछ ।

९. प्रत्येक विद्यालयको सबै विद्यार्थीहरुको सिकाई स्तरमा समानता र समता ल्याउनका लागि न्यून सिकाई उपलब्धी हासिल गरेका तथा निश्चित तहको आधारभूत सिकाई पनि हासिल गर्न नसकेका विद्यार्थीहरुलाई नियमित शिक्षण सिकाई भन्दा अतिरिक्त समयमा सिकाई सहजिकरण गर्नका लागि सम्बन्धित विद्यालयहरुलाई प्रोत्साहित गरिनेछ । साथै सम्बन्धित विद्यालय र तोकिएको शिक्षकसँग सम्झौता गरी सिकाइ सहजीकरण कार्यक्रमलाई व्यवस्थित बनाइने छ । सोको लागि आवश्यक रकम सम्बन्धित विद्यालयमा निकासा गरिनेछ ।

१०. विद्यालयको प्रशासनिक, भौतिक, शैक्षिकजस्ता सम्पूर्ण पक्षको गाउँपालिका तथा वडा कार्यलयमार्फत् नियमित सामुहिक अनुगमन गरिनेछ । "एक विद्यालयमा, एक जनप्रतिनिधि" भन्ने नाराका साथ विद्यालयमा नियमित अनुगमन तथा सुपरीवेक्षण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

११. एकाई परीक्षा, त्रैमासिक परीक्षा तथा निरन्तर विद्यार्थी मूल्याङ्कनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन जोड दिइनेछ । परीक्षासहित मूल्याङ्कनका अन्य साधनहरुमार्फत् विद्यार्थीहरुको निरन्तर मूल्याङ्कन गर्ने, त्रैमासिक तथा वार्षिक परीक्षालाई सु-व्यवस्थित, मर्यादित, प्रभावकारी र उपलब्धीमूखी बनाउनका लागि कुनै अर्को विद्यालयको तोकिएको कुनै एक जना शिक्षकको सुपरीवेक्षणमा परीक्षा सञ्चालन र सुपरीवेक्षण गराई प्रतिवेदन तयार गरी पेश गर्न लगाइने व्यवस्था मिलाईनेछ ।

१२. विद्यार्थीहरुको सर्वाङ्गिण विकास गर्नका लागि नियमित शिक्षण सिकाईका अलवा विद्यालय, वडा, गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलापहरुः वक्तृत्वकला, हाजिरीजवाफ, चित्रकला, विज्ञान प्रर्दशन तथा अन्य सामाजिक कार्यहरुमा संलग्न गराई विद्यार्थीमा रहेको आन्तरिक प्रतिभाको प्रस्फुटन गर्न सहयोग गरिनेछ ।

१३. शैक्षिक विषयमा नियमित गाउँ शिक्षा समिति, प्रधानाध्यापक तथा सरोकारवालाहरुसँगको बैठक बसी शैक्षिक समस्याको समयमै समाधान गरी शैक्षिक क्षेत्रलाई थप प्रभावकारी तथा गुणस्तरीय बनाइनेछ ।

१४. नेतृत्वको सवलीकरण, शिक्षण सिकाई प्राक्रियामा सुधार, पेशागत नैतिकताको प्रर्वद्धन र प्रविधिको उच्चतम प्रयोग गरी सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि गरिनेछ ।

१५. सबै तह र प्रकारका शिक्षक तथा कर्मचारीहरुलाई अभिमुखीकरण तथा नविनतम शिक्षण प्रविधि बारे तालिम दिई कक्षाकोठामा प्रभावकारी शैक्षिक सामग्रीसहितको शिक्षण सिकाई क्रियाकलाप

सञ्चालन गरी उत्कृष्ट नतिजा हासिल गर्ने कार्यक्रमहरु तय गरिनेछ । शिक्षकहरुलाई विषयगत तालिम र कम्प्युटर तथा सूचना प्रविधिसम्बन्धी तालिमहरु प्रदान गरी शिक्षण सिकाईलाई थप प्रविधिमैत्री तथा प्रभावकारी बनाइनेछ । माध्यमिक तहमा पुस्तकालय, सूचना र संचार प्रविधि तथा विज्ञान प्रयोगशालालाई प्रभावकारी बनाइने व्यवस्था गरिनेछ ।

१६. प्राविधिक, व्यावसायिक, सीपमुलक, रोजगारमुलक, गुणस्तरीय र जीवन उपयोगी एवम् जनमुखी शिक्षाको विकास गर्दै लैजाने नीतिलाई अबलम्बन गरिनेछ । साथै सामुदायिक विद्यालयको गुणस्तर वृद्धि गर्ने वातावरण सिर्जना गरिनेछ । प्राविधिक तथा व्यावसायिक शिक्षामा सबैको पहुँच वृद्धि गर्नका लागि छात्रवृत्ति लगायतका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१७. गाउँपालिका भित्र प्राविधिक तथा व्यावसायिक शिक्षा दिने विद्यालयको संख्यामा वृद्धि गरी कृषि तथा पशु विज्ञान विषय अध्ययन–अध्यापन गर्ने व्यवस्था गरिनेछ । प्राविधिक तथा व्यावसायिक शिक्षा लिइरहेका विद्यार्थीहरुलाई गाउँपालिकाको विविध योजनाहरुमा समावेश गरी परियोजना कार्य र इर्न्टनसिप कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिनेछ ।

१८. गाउँपालिकामा रहेका सामुदायिक विद्यालयबाट उत्कृष्ट स्थान हासिल गर्ने एक/एक जना छात्र, छात्रा, शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विद्यालय, अभिभावकलाई सम्मान तथा पुरस्कार प्रदान गरिनेछ ।

१९. गाउँपालिका भित्रका सम्पूर्ण अति सिमान्तकृत, अल्पसंख्यक (थामी र पहरी) विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै जेहेन्दार, विपन्न, अपाङ्ग, अनाथ, दलित, सहिद परिवारका बालबालिकाहरुलाई आधारभूत शिक्षाबाट वञ्चित हुन नदिन, सबैको लागि शिक्षाको अवसर सुनिश्चित गर्न तथा अध्ययनमा प्रोत्साहन गर्नका लागि गाउँपालिका भित्रका १०० जना विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२०. कक्षाकोठाको शिक्षण सिकाईलाई बालमैत्री र आधुनिक प्रविधिमैत्री बनाउँदै लैजाने तथा बीचैमा विद्यालय छाड्ने प्रवृत्तिलाई पूर्ण निरुत्साहित गर्दै बीचैमा विद्यालय छाड्ने कारणबारे सुक्ष्म र गहन अध्ययन, अनुसन्धान गरी विद्यालय फर्काउन जनचेतनामूलक कार्यक्रम सञ्चालन तथा विद्यालयमा शिक्षणमैत्री वातावरण सिर्जना गरिने तर्फ कार्यक्रमहरु लक्षित गरिनेछ ।

२१. आधारभूत तहसम्मको शिक्षालाई अनिवार्य र निःशुल्क तथा माध्यमिक तहलाई निःशुल्क गर्ने कार्यक्रमलाई थप प्रभावकारी र व्यवस्थित गरिनेछ । विद्यालय बाहिर रहेका आधारभूत तह उमेरका बालबालिकाको तथ्याङ्क यकिन गरी दोरम्बा गाउँपालिकालाई आधारभूत तहको शिक्षा सुनिश्चित भएको घोषणा गरिनेछ ।

२२. विद्यार्थी नियमितता तथा टिकाउ दरमा वृद्धि गर्दै सिकाई उपलब्धीमा सुधार ल्याउन दिवा खाजा कार्यक्रमलाई थप प्रभावकारी, व्यवस्थित तथा अन्य विशेष कार्यक्रमहरुको व्यवस्था गरिनेछ । अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

२३. बाल बचाउ, बाल विकास, बाल सहभागिता र बाल संरक्षण लगायतका विषयमा बालबालिका लक्षित विभिन्न शैक्षिक संघ-संस्था तथा गैरसरकारी संघ-संस्थासँगको सहकार्य र समन्वयमा विविध शैक्षिक, सामाजिक कार्यक्रम सञ्चालन गरिनेछ । बालक्लव, बालसञ्जाललाई तालिम तथा अर्न्तक्रियाका माध्यमबाट क्षमता विकास गराईनेछ ।

२४. शिक्षक तथा कर्मचारीहरुलाई आफ्नो पेशाप्रति गौरव, आत्मसन्तुष्ट र सम्मानित तवरले काम गर्ने वातावरण सिर्जना गरिनेछ । विद्यालयको छात्राहरुका लागि निःशुल्क स्यानिटरी प्याडको प्रभावकारी व्यवस्थापन गर्नुका साथै विद्यालयमा छात्रामैत्री वातावरण तयार गरिनेछ ।

२५. गाउँपालिका भित्र रहेका शिक्षा क्षेत्रका विशिष्ट व्यक्तित्व तथा शिक्षित युवा जगतलाई शैक्षिक क्षेत्रको विकासमा लाग्नका लागि प्रोत्साहन तथा आकर्षित गरिनेछ । सामुदायिक सिकाई केन्द्रहरुलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ । अनुशासित, स्वस्थ, भातृत्व, खेलाडीको क्षमता र खेलको स्तर वृद्धिका लागि गाउँपालिका स्तरीय खेलकुदका अतिरिक्त अन्य खेलकुदहरु आयोजना, रङ्गशाला तथा भौतिक पूर्वधारको निर्माणका लागि पहल गरिनेछ ।

२६. दोरम्बा गाउँपालिकाभित्रका राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका विविध खेल विधाका रेफ्रि, खेलाडीहरुविच पालिकास्तरिय अर्न्तक्रिया तथा सम्मान कार्यक्रम संचालन गरिनेछ ।

२७. गाउँपालिका भित्रका शिक्षित युवाहरुलाई विभिन्न सरकारी सेवामा आकर्षित गर्नका लागि लोक सेवा आयोग तथा शिक्षक सेवा आयोग सम्बन्धी तयारी कक्षाहरु सञ्चालन गरी प्रशिक्षणको व्यवस्था गरिनेछ ।

२८. युवाको क्षमता अभिवृद्धि गरी देशभक्त, अनुशासित र उद्यमशील बनाइनेछ । विपद् जोखिम न्यूनिकरण, वातावरण संरक्षण, राहत, उद्धार तथा जनचेतना अभिवृद्धिलगायत कार्यक्रममा युवा परिचालन तथा गाउँपालिकाको आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणमा युवाको सार्थक सहभागिताका लागि युवा लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२९. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षकहरुको विषयगत दरवन्दी मिलान गरिनुका अलवा न्यून विद्यार्थी भएका विद्यालयमा बाल कक्षा सञ्चालन गरी अन्य कक्षाहरु नजिकको उपयुक्त विद्यालयमा मर्ज गरिनेछ साथै विद्यालयको भौतिक सुधारका विशेष कार्यक्रम ल्याई सबै विद्यालयलाई बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गमैत्री, प्रविधिमैत्री तथा वातावरणमैत्री बनाइनेछ । आवश्यकताका आधारमा उपयुक्त स्थानहरुमा बाल विकास केन्द्रहरुको स्थापनामा प्राथमिकता दिइनेछ ।

३०. विद्यालयका विद्यार्थी संख्या तथा उपलब्ध दरवन्दीको विश्लेषण गरी सहयोगी संघ–संस्था समेतसँगको समन्वयमा नपुग दरवन्दीको लागि आवश्यक अनुदानको व्यवस्था गरिनेछ । जसमा माध्यमिक तहको विद्यालयमा कम्तिमा माध्यमिक तहको एक जना (गणित, विज्ञान र अंग्रेजी) शिक्षकको अनुदानको व्यवस्था गरिनेछ । आधारभुत तह (१-८) सञ्चालन भएका र एकजना पनि निम्न माध्यमिक तहको शिक्षक नभएको विद्यालयमा निम्न माध्यमिक तहको एक जना शिक्षक अनुदान उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३१. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गरी आधुनिक, व्यावसायिक एवम् प्रविधियुक्त शिक्षामा जोड दिइनेछ । विद्यार्थीहरुमा राष्ट्रियता र देशप्रेमको भावना विकास गर्ने, उच्च नैतिक चरित्र निर्माण गर्ने र कर्तव्यबोध गराउने जस्ता आदर्श र अनुशासित नागरिकका गुणहरु विकास गराउन जोड दिइनेछ ।

३२. शिक्षण सिकाईलाई सूचना तथा संचार प्रविधिसँग आवद्ध गरी शैक्षिक सामाग्रीको पर्याप्त व्यवस्था र प्रयोगमा जोड दिइनेछ । साथै विद्यार्थीलाई समयमै पाठ्यपुस्तक र शिक्षकलाई पाठ्यक्रम, शिक्षक निर्देशिका उपलब्ध गराई शिक्षकहरुद्धारा वार्षिक, मासिक तथा दैनिक पाठ योजना तयारी

गरी योजनाबद्ध शिक्षण गर्ने व्यवस्था गरिनेछ । निरन्तर विद्यार्थी मूल्याङ्कन अनिवार्य लागु गरी उपचारात्मक शिक्षणमा जोड दिईनेछ ।

३३. सबै विद्यालयमा शैक्षिक सुचना, तथ्याङ्क, लेखा परीक्षण, सामाजिक परीक्षण, विद्यालय सुधार योजना तोकिएको समयमै निर्माण तथा प्रभावकारी कार्यान्वयन गर्ने र विद्यालयले सम्पादन गर्ने अन्य कार्यलाई विद्यालय तथा प्रधानाध्यापकको कार्यसम्पादनसँग जोडि सोही अनुसार विद्यालय र प्रधानाध्यापकको मूल्याङ्कन गरिनेछ जसलाई गाउँपालिकाबाट प्रदान गरिने अनुदान तथा अन्य सेवा, सुविधालाई आधार बनाईनेछ । सबै सामुदायिक विद्यालयबाट चौमासिक प्रगति समीक्षा कार्यक्रम सञ्चालन गर्ने नीति लिइने छ ।

३४. सबै विद्यालयमा घेराबार, शुद्ध खानेपानी, छात्रा/छात्र/अपाङ्गमैत्री शौचालय, बाल कक्षालाई बालमैत्री पूर्वाधार सहितको बाल कक्षाको व्यवस्था, खेलकुद तथा मनोरञ्जनात्मक सामाग्री, शैक्षिक सामाग्री, भित्ते लेखन व्यवस्थापन गरी शिक्षण सिकाईको जगलाई थप मजवुद बनाई गुणस्तरीय शिक्षामा जोड दिईनेछ । प्रारम्भिक बाल कक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने दरलाई वृद्धि गर्न विविध कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३५. शैक्षिक सुचना तथा विद्यालयको तथ्याङ्कलाई व्यवस्थित गरिनेछ । साथै प्रत्येक विद्यालयमा प्राथमिक उपचार र गुनासो पेटिकालाई व्यवस्थित गरिनेछ ।

३६. 'एक विद्यालय एक नर्स' कार्यक्रमलाई प्रभावकारी परिचालन र व्यवस्थित गरी विद्यार्थीहरुको स्वास्थ्य तथा सरसफाईमा विशेष प्राथमिकता दिइनेछ ।

## खानेपानी, स्वास्थ्य तथा सरसफाई

१. हालै विश्व महामारीको रुपमा रहेको कोभिड १९ नियन्त्रणका लागि दोरम्बा प्राथमिक अस्पताल र मताहातका स्वास्थ्य चौकीमार्फत् सेवालाई प्राथमिकतामा राखी उपचार, नियन्त्रण रोकथाम तथा खोप कार्यक्रमलाई महत्वका साथ अगाडि बढाइनेछ ।

२. बालमैत्री, लैंगिकमैत्री र फरक क्षमता भएका व्यक्तिमैत्री पूर्वाधार जस्तै खानेपानी, शौचालय जस्ता पूर्वाधार निर्माणमा गाउँपालिकाको तर्फबाट आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराईनेछ ।

३. स्वास्थ्य क्षेत्रमा जनताको पहुँच सहज बनाउन एम्बुलेन्सको व्यवस्थापन, घुम्ती स्वास्थ्य शिविर सञ्चालन गर्ने कार्यक्रम तय गरिनेछ ।

४. महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई काम प्रति जागरुक बनाउनका लागि मासिक यातायात प्रोत्साहन खर्चको व्यवस्था गरिनेछ ।

५. गाउँपालिका भित्र रहेका दोरम्बा, टोकरपुर, लखनपुर डडुवाका स्वास्थ्य चौकी र गौश्वरा स्वास्थ्य चौकीहरुमा चौविसै घण्टा प्रसुती सेवा सञ्चालनको लागि आवश्यक सहयोग गरिनेछ । 'सबैको पहुँचमा स्वास्थ्य' भन्ने नारालाई व्यवहारमा आत्मसाथ गरिनेछ ।

६. गर्भवती महिलाहरुलाई संस्थागत सुत्केरी र प्रोटोकल अनुसार ४ पटक गर्व जाँच गर्नका लागि प्रोत्साहन हुने गरी 'अण्डा र झण्डा' कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७. सवै गाउँघर क्लिनिकलाई व्यवस्थित बनाउन आवश्यक वजेट व्यवस्था गरिनेछ ।

८· सरुवा रोग नियन्त्रणका लागि दक्ष जनशक्तिद्धारा स्वास्थ्य संस्थामा नै अनसाइट कोचिङ्गको व्यवस्था गरिनेछ ।

९· स्वास्थ्य सुचना प्रणालीलाई व्यवस्थित गर्न हरेक स्वास्थ्य संस्थामा लागु हुने गरी सफ्टवेयरलाई कार्यान्वयनमा ल्याइनेछ ।

१०· स्वास्थ्य संस्थालाई साधन स्रोत सम्पन्न गर्नका लागि बजेट व्यवस्था गरिनेछ ।

११· 'एक विद्यालय, एक नर्स कार्यक्रम'मा कार्यरत नर्सलाई सम्पूर्ण माध्यमिक विद्यालयमा प्रभावकारी परिचालनको व्यवस्था मिलाइनेछ ।

१२· ल्याव र रेडियोलोजी सेवा सञ्चालन गर्न आवश्यक कर्मचारी र सामग्रीको व्यवस्था गरिनेछ ।

१३· दरबन्दी अनुसारको जनशक्ति करार सेवा मार्फत पदपूर्ति गरी सेवालाई निरन्तरता दिइनेछ ।

१४· एक घर, एक धारा, एक शौचालय नीतिलाई अवलम्बन गरिनेछ ।

१५· गाउँपालिका अर्न्तगत रहेका खानेपानी मूहानहरुको गुणस्तर र सम्भाव्यता अध्ययन गरिनेछ ।

१६· गाउँपालिकाभित्र रहेका खानेपानी मूहानहरुको पहिचान गरी सो मूहानहरुको संरक्षण तथा व्यबस्थापन गाउँपालिकाको अधिनमा रहनेछ ।

१७· निर्माणधिन बृहत शैलुङ्ग खानेपानी सम्पन्न गर्न बिशेष पहल गरिनेछ ।

**<u>महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग, अल्पसंख्यक, जनजाति तथा दलित</u>**

१. महिलामैत्री सेवा प्रवाह र सेवा प्राप्तीका लागि गाउँपालिकाको कार्यालय र सबै वडा कार्यालयहरुमा स्तनपान कक्षको निर्माण तथा व्यवस्थापन गरिनेछ ।

२. महिलाहरुको आर्थिक सशक्तिकरणका लागि आवश्यकता र मागको आधारमा सीप विकास र उद्यमशिलता विकास तालीमको व्यवस्था गरिनेछ ।

३. जेष्ठ नागरिकहरुको समाजमा सम्मानपूर्वक जीवनयापनका लागि सहयोग गर्न 'जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

४. समाजमा अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक परम्परागत संकुचित सोचलाई न्यूनिकरण गर्दै अपाङ्गता भएका व्यक्तिहरुको समाजमा पुनः स्थापना गर्नका लागि अपाङ्गता लक्षित आयमूलक क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

५. गाउँपालिकास्तरीय तथा वडास्तरीय बाल सञ्जाल पुनः गठन गरी बाल सञ्जाल क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

७. गाउँपालिकामा व्याप्त बालविवाह, लैङ्गिक हिंसा, छुवाछुत लगायतका सामाजिक कुरीति, कुसंस्कार तथा अव्यवहारिक परम्पराहरु न्यूनिकरणका लागि समुदायस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

८. अति सीमान्तकृत, सीमान्तकृत तथा अल्पसंख्यक जातिको जीवनस्तर सुधार गर्न शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा सहज पहुँच सुनिश्चित गर्दै आयआर्जन, क्षमता विकासका लागि जनतचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

९. गाउँपालिकाभित्र रहेका सामाजिक आर्थिक लगायतका क्षेत्रमा पछाडि परी समुदायमा वञ्चितिकरणमा परेका महिला, दलित, जनजाती, अपाङ्ग, अल्पसंख्यक लगायतका वर्गहरुको पहिचान गरी आवश्यकता र माग बमोजिम लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१०. गाउँपालिकाभित्र रहेका जेष्ठ नागरिकहरुको लागि जेष्ठ नागरिक मञ्च गठन गरी मिलान केन्द्र निर्माण तथा व्यबस्थापन गरिनेछ ।

## ग) पूर्वाधार विकास नीति

### सडक

१. दोरम्बा गाउँपालिकाको मुख्य राजमार्गको रुपमा रहेको गाल्पा देखि लखनपुर, दोरम्बा देखि खोलाखर्क, टोकरपुर देखि गौश्वारासम्म, चौरीखोला, पूँडीटार देखि थरभञ्ज्याङ, टोकरपुर दुधौली भञ्ज्याङ सम्मको सडक र मध्य पहाडी लोकमार्ग जोड्ने सडकहरुलाई स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिईनेछ । संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको लागत साझेदारीमा पक्की सडक निर्माणमा जोड दिईनेछ ।

२. सडक मापदण्ड र आवास भवन बनाउने सम्बन्धमा गत आर्थिक वर्षमा लिइएको नीतिलाई नै निरन्तरता दिईनेछ ।

३. विकास निर्माणका योजना आयोजना निर्माण गर्दा पूर्ण रुपमा सावधानी अपनाएर गर्ने गराउने नीति लिईनेछ ।

४. सडक निर्माण तथा मर्मत सुधारका क्रममा सडक क्षेत्राधिकार कायम गर्ने, सडक विस्तार नीति तथा मापदण्डको पूर्ण रुपमा कार्यान्वयन गरिनेछ । सडकको क्षेत्राधिकारलाई प्रभावकारी कार्यान्वयन गरी सडक अतिक्रमणलाई निरुत्साहित गर्दै सडक खुला राख्ने कार्यमा निरन्तरता दिइनेछ । सडक विस्तार तथा स्तरोन्नती गर्दा सडकमा पर्न गएको जग्गाहरुको लागत कट्टा गरिनेछ ।

५. वर्षायाममा बाढी पहिरोका कारण अधिकाँश सडकहरु भत्किएर जाने र सडक सुचारु गर्नका लागि लाखौं रकम खर्च हुने भएकोले आगामी आर्थिक वर्षदेखि सम्भव भएसम्म गाउँपालिकामा रहेको डोजर प्रयोग गरी क्रमवद्ध रुपमा सडक सुचारु गरिने व्यवस्था गरिनेछ ।

६. राजधानी देखि गाउँपालिका केन्द्र, जिल्ला देखि गाउंपालिका केन्द्र र वडादेखि पालिका केन्द्र जोडिने सडकहरुमा पर्ने विभिन्न स्थानमा पक्की पुल निर्माणका लागि विस्तृत परियोजना सर्वेक्षण गरिनेछ ।

७. गाउँपालिकाको पर्यटन तथा पूर्वाधार विकासलाई प्रवर्द्धन गर्न, आवतजावत सहज गर्न अत्यावश्यक स्थानहरुमा झोलुङ्गे पूल निर्माणका लागि सम्बन्धित निकायमा आवश्यक बजेट माग गरिनेछ ।

**भवन**

१. गाउँपालिका कार्यालय, वडा कार्यालय २, ३ र ४ का पक्कि भवन निर्माण गर्नका लागि संघीय तथा प्रदेश सरकार संग पहल गरिनेछ । साथै निर्माणधिन अवस्थामा रहेका वडा कार्यालय, महिला सामुदायिक, स्वास्थ्य संस्थाका भवनहरु निर्माण सम्पन्न गर्न प्राथमिकता दिईनेछ ।

२. भवन निर्माणमा आधुनिक प्रविधिको अवलम्वनमा जोड दिईनेछ । साथै बजार क्षेत्रमा बन्ने पक्की घर नक्सा पास गरी भवन निर्माण मापदण्ड अनुरुपको निर्माणमा जोड दिइनेछ ।

३. संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट विनियोजन गरिएको रकमबाट निर्माण हुने विकास कार्यक्रममा उपभोक्ता समितिमा जनपरिचालनको अवस्था क्रमिक रुपमा सुधार हुँदै गएकोले जनसहभागितामा आधारित विकास निर्माण कार्यलाई प्राथमिकता दिई रोजगार कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

४. कोभिड १९ का कारण चालु वर्षमा तोकिएको समयमा योजना सञ्चालनमा कठिनाई देखिएकोले आगामी आर्थिक वर्षमा वैशाख मसान्त भन्दा पछि कुनै पनि विकास योजनाको सम्झौता नगर्ने र जेठ मसान्त पछि कुनै पनि भुक्तानी नगरिने नीतिलाई पूर्ण रुपमा कार्यान्वयनमा लगिनेछ ।

**घ) वन, वातावरण तथा विपद् व्यवस्थापन नीति**

१. दोरम्बा गाउँपालिका भित्र रहेका सामुदायिक वन, नीजि वन तथा कबुलियती वन समूहहरुलाई सक्रिय बनाउन आवश्यक पहल कदमी गरिनेछ । उनीहरुको क्षमता विकासका लागि तालिमको व्यवस्था मिलाईनेछ ।

२. गाउँपालिकाले निर्माण गरेको फोहोरमैला व्यवस्थापन नीति अनुरुप घरबाट नै फोहोरलाई व्यवस्थापन गर्नका लागि टोल-टोलमा फोहोर फाल्ने ड्रमको व्यवस्था गरिनेछ । साथै सरसफाई अभियान सञ्चालनका गरी पूर्ण सरसफाई वडा घोषणाको लागि आवश्यक वजेटको व्यवस्था मिलाईनेछ ।

३. नदि कटान/पहिरो नियन्त्रण, भू-क्षय/बाढी पहिरो नियन्त्रणको लागि आवश्यक बजेट व्यवस्थापन गरी वृक्षारोपण गर्ने, सडक निर्माण गर्दा दुवैतर्फ बहुउपयोगी बिरुवा रोप्ने व्यवस्था मिलाइने छ ।

४. गाउँपालिका भित्र  पाइने बहुमूल्य जडीबुटीहरुलाई वन कार्यालय र समूहको समन्वय र सक्रियतामा संरक्षण संम्वर्धन र सदुपयोगको गर्ने नीति लिइनेछ । १ वडामा १ बहुउद्देश्य नर्सरी निर्माण गरी वनजन्य, कृषि उपज जडिबुटी एवम् हरियाली प्रवर्द्धनमा जोड दिईनेछ । साथै वन्यजन्त' अध्ययन तथा अन'सन्धान तथा जलबबयू परिवर्तन स्थानीय अनुक'लन  सम्बन्धि आबश्यक कार्यक्रम संचादन गरिनेछ ।

५. बहुमुल्य जडिबुटिहरुको अध्ययन, अनुसन्धान तथा संरक्षणमा आबश्यक पहल कदमी गरिनेछ ।

६. सार्वजनिक स्थानहरुमा निर्माण भएका सार्वजनिक शौचालयहरुलाई व्यवस्थापन र नयाँ शौचालय निर्माणका कार्यलाई निरन्तरता दिइने छ ।

७. गाउँपालिका भित्रका विद्यालय तथा क्याम्पसहरु, सरकारी तथा गैरसरकारी संस्थाहरुसँगको साझेदारीमा वातावरण संरक्षणका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८. सार्वजनिक सरकारी सम्पत्ति, खानेपानीको मुहान, पोखरी कुवाहरुको उचित संरक्षण गर्ने कार्य निरन्तरता दिईनेछ ।

९. गाउँपालिकास्तरीय विपद व्यवस्थापन समिति र वडा स्तरीय विपद व्यवस्थापन समितिको क्षमता विकास गरिनेछ ।  विपद पूर्व अभ्यासका लागि सम्बन्धित कर्मचारी र पदाधिकारीलाई क्षमता विकास तालिमको व्यवस्था मिलाईनेछ ।

१०. गाउँपालिकालाई विपद व्यवस्थापनको क्षेत्रमा आत्मनिर्भर बनाउनको लागि विपद व्यवस्थापन कोषलाई निरन्तरता दिइने छ साथै विपद व्यवस्थापन क्षेत्रमा आवश्यक पर्ने आधारभूत सामग्रीहरु खरिद गरी तयारी अवस्थामा राखिनेछ ।

११. वन वातावरण र विपद व्यवस्थापन क्षेत्रमा काम गर्ने स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका संघ-संस्थाहरुसँग समन्वयात्मक रुपमा काम गर्ने नीति अवलम्बन गरिनेछ ।

## ङ) सूशासन तथा सेवा प्रवाह नीतिः

१.गाउँपालिकाको सम्पूर्ण सार्वजनिक सूचना तथा जानकारीहरु वेवसाईटमार्फत सार्वजनिक गरी गाउँपालिकाको वेवसाईटलाई प्रभावकारी व्यवस्थापन गरिनेछ ।

२. गाउँपालिकाको कार्यालय तथा अर्न्तगतका वडा कार्यालयहरुबाट वितरण गरिने सार्वजनिक सेवा प्रवाहलाई मर्यादित, व्यवस्थित र गुणस्तरीय बनाउनका लागि सेवा प्रवाह मापदण्ड निर्माण गरी पूर्ण रुपमा कार्यान्वयन गरिनेछ ।

३. गाउँपालिकाको सबै वडा कार्यालयहरु, विद्यालय, स्वास्थ्य संस्थाहरुमा पूर्ण रुपले ईन्टरनेट सुविधा सञ्चालन भएको हुनेछ ।

४. गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवालाई सर्वसुलभ, छरितो र प्रविधिमैत्री बनाईनेछ । गाउँपालिका र वडा कार्यालयहरुबाट प्रवाह हुने सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन गुनासो पेटिकाका व्यवस्थापन गरी नियमित गुनासो सुनुवाईको व्यवस्था गरिनेछ ।

५. गाउँपालिकाबाट वडास्तरमा प्रवाह हुने सम्पूर्ण सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन नियमित वडा कार्यालय अनुगमन प्रणाली लागु गरिनेछ ।

६. गाउँपालिकाको पूर्वाधार विकास लगायतका उपभोक्ता समितीद्धारा गरिने कामलाई गुणस्तरीय र थप व्यवस्थित गर्नका लागि योजना कार्यान्वयनको सुरु चरणमा उपभोक्ता समिति अभिमूखिकरण तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

७. गाउँपालिकाभित्र सञ्चालनमा रहेका व्यवसायहरुको प्रभावकारी व्यवस्थापनको लागि सबै वडाहरुमा व्यवसाय दर्ता शिविर सञ्चालन गरी सञ्चालकहरुको गाउँपालिकाप्रति लगायत नियमक निकायप्रतिको दायित्वबारे जानकारी प्रदान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ साथै प्रभावकारी बजार व्यवस्थापनका लागि नियमित बजार अनुगमन गरिनेछ ।
८. गाउँपालिकाको कार्यालय र वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन गर्नका लागि दैनिक रु.१०० खाजाको व्यबस्था गरिनेछ ।

९.गाउँपालकिाबाट प्रवाह गरिने सम्पूर्ण सेवा प्रवाहलाई पारदर्शि, सहज, सरल, छिटो, छरितो, चुस्त दुरुस्त बनाई विधिको शासन, नतिजामूखी व्यवस्थापन र जवाफदेहिता अभिवृद्धी गर्न गाउँपालिकाको कार्यालयमा नागरिक वडापत्र राखी सेवा प्रवाहमा नागरिकलाई सहजता प्रदान गरिनेछ ।

१०.गाउँपालिकाभित्र रहेका सार्वजनिक सम्पत्तिको संरक्षण तथा सुरक्षा गर्नका लागि सार्वजनिक स्थल, भवन लगायतका सार्वजनिक स्थलहरुको विवरण अद्यावधिक गरी अभिलेख व्यवस्थापन गरिनेछ । गाउँपालिका भित्र रहेका बिषय क्षेत्रहरुको विवरण अद्यावधिक तथा व्यबस्थापन गरिनेछ ।

११.गाउँपालिकाभित्र सञ्चालनमा रहेको सहकारी संस्थाहरुको अनुगमन प्रक्रिया व्यवस्थित र प्रभावकारी ढङ्गले अगाडी बढाई नियमनको दायरामा ल्याई व्यवस्थित गरिनेछ साथै सहकारी क्षमता विकासका  कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१२. गाउँपालिकाद्धारा  सञ्चालित योजना/आयोजनाहरुको गुणस्तर अभिवृद्धि गर्न गाउँपालिकामा गठित अनुगमन समितिद्वारा गरिने अनुगमनलाई नियमितता प्रदान गरी योजना तथा विकास निर्माण कार्यलाई प्रभावकारी बनाईनेछ ।

१३. गाउँपालिकाभित्रका स्थानीय उत्पादनलाई प्रोत्साहन तथा उत्पादन अभिवृद्धि गरी यस क्षेत्रमा उत्पादनको प्रचुर सम्भावना भएको वस्तुमा आत्मनिर्भर बनाउन उत्प्रेरित गर्ने खालका कार्यक्रम निर्माण तथा कार्यान्वयन गरिनेछ ।

१४. महिलाहरुको परम्परागत तथा जिविकोपार्जनमूखि पेशालाई व्यवसायिकता प्रदान गर्नका लागि महिला सीप तथा उद्यमशिलता विकासका लागि कृषक समूहहरु, महिला समूह, आमा समूह, महिला सहकारी, कृषि व्यवसायीहरु लगायतलाई व्यवसायिक सीपमूलक तालिम सञ्चालन गरी क्षमता तथा नेतृत्व विकासको तालिमको व्यवस्था गरी महिला तथा कृषकहरुको आयआर्जन अभिवृद्धी गर्न उद्यमशिलता विकास गरिनेछ ।

१५. न्यायिक समितिबाट सम्पादन गरिने न्यायिक निरोपणका कार्यलाई छिटो छरितो एवम् सहज बनाउन आवश्यक तालिमको व्यवस्था गरी वडामा क्रियाशील मेलमिलाप केन्द्रहरुलाई थप व्यवस्थित गरी मेलमिलापकर्ताहरुलाई प्रोत्साहन गर्न यस कार्यालयको स्वीकृत कार्यविधि अनुसार भत्ता उपलब्ध गराउने व्यवस्थालाई नियमितता दिईनेछ ।

१६.गाउँपालिकाको न्यायीक समितिबाट सम्पादन भएका कार्यहरुको न्यायीक समिती स्मारिका छपाईनेछ ।

१७. गाउँपालिकाभित्रका सबै धर्म, संस्कृती एवं परम्पराको संरक्षण तथा सम्वर्द्धन गर्ने नीति लिईनेछ साथै गाउँपालिकाको आर्थिक विकासमा थप टेवा पुऱ्याउन धार्मिक एवं सांस्कृतिक पर्यटन प्रर्वद्धन गरिनेछ र होमस्टे प्रवर्द्धन तथा प्रभावकारी व्यवस्थापन गर्ने कार्यका लागि पर्यटन तालिम, होमस्टे सञ्चालन अनुगमन नियमित रुपमा गर्ने व्यवस्था मिलाईनेछ ।

१८. खेलकुद क्षेत्रलाई प्रर्वद्धन तथा प्रोत्साहन गर्नका लागि गाउँपालिका स्तरीय विभिन्न प्रतिस्पर्धात्मक खेलकुद कार्यक्रम सञ्चालनलाई निरन्तरता दिईनेछ ।

१९. यस गाउँपालिकामा रहेका विभिन्न विषयगत समितिहरुको प्रभावकारी कार्य सञ्चालन गर्नका लागि कार्यालयमा विषयगत शाखा सम्पर्क कक्षको निर्माण तथा व्यवस्थापन गरी कार्य सहजताको व्यवस्था मिलाईनेछ ।

२०. स्वास्थ्य सेवालाई थप जनमैत्री बनाउनका लागि वर्थिङ सेन्टरको संख्या थप गरी २४ घण्टा नै प्रभावकारी ढङ्गले सेवा सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।

२१. गाउँपालिकाको जनस्वास्थ्य सेवा प्रभावकारी बनाउन जनस्वास्थ्य विज्ञ नियुक्त गरी प्रभावकारी सेवा प्रदान गरिनेछ ।

२२. समय-समयमा देखा पर्ने विभिन्न खाले माहामारी व्यवस्थापनका लागि गाउँपालिकाका सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई स्रोत साधन सम्पन्न बनाइनेछ ।

२३. आगामी आर्थिक वर्षमा सञ्चालन हुने योजनाहरुको व्यवस्थापनका लागि योजना सफ्टवोयर प्रणाली लागु गरिनेछ ।

२४. गाउँपालिकाको पूर्वाधार विकासलाई प्रभावकारी तथा दीर्घकालिन व्यवस्थापनको लागि पालिकास्तरीय सडक गुरुयोजना तथा वडास्तरीय सडक गुरुयोजना निर्माण गर्ने साथै पालिकामा रहेको सडकहरुको वर्गिकरण गरी सडक मापदण्ड तयार गरिनेछ ।

२५. आयोजनाहरुको प्रभावकारी छनोट तथा व्यवस्थापन गर्नका लागि पालिकास्तरीय आयोजना बैङ्कको निर्माण तथा व्यवस्थापन गरिनेछ ।

२६. गाउँपालिकाको कृषि तथा पशु सेवालाई प्रभावकारी बनाउनका लागि एक वडा, एक प्राविधिकको व्यवस्था गर्न पहल गरिनेछ ।

२७. गाउँपालिकाको कार्यालय लगायतका मातहतका सम्पूर्ण संस्थाहरु लैङ्गिकमैत्री, अपाङ्गतामैत्री र बालमैत्री बनाउनका लागि आवश्यक पहल गरिनेछ ।

२८. यस गाउँपालिकामा आवश्यक विविध क्षेत्र र बिषयहरुको नीति, ऐन, नियमावली, कार्यविधि, मापदण्ड लगायतका कानून निर्माणलाई प्राथमिकता दिईनेछ ।

**वित्तिय व्यवस्थापन नीति :**

१. गाउँपालिकाबाट सञ्चालन हुने सम्पूर्ण आर्थिक कारोबारहरु नेपाल सरकारले अनिवार्य रुपमा लागु गरेको सूत्र प्रणालीबाट सञ्चालन भईरहेकोमा त्यसलाई अझ चुस्त-दुरुस्त बनाई थप व्यवस्थित गरिनेछ ।

२. गाउँपालिकाको राजस्व सङ्कलन प्रणालीलाई थप पारदर्शी बनाई राजस्व सङ्कलन वृद्धि गर्न गाउँपालिकाको कार्यालय र वडा कार्यालयहरुमा अनलाईनमार्फत राजस्व व्यवस्थापन सूचना प्रणाली (RMIS) लागु गरिनेछ ।

३. गाउँपालिकाद्धारा स्वीकृत वार्षिक योजनाहरु सञ्चालन गर्दा उपभोक्ता समिति, निर्माण व्यवसायी, सेवा प्रदायक लगायतका खरिद सम्बन्धी कार्यका लागि पेश्की दिने प्रचलन पूर्ण रुपमा बन्द गरिएकोमा सो कार्यलाई निरन्तरता दिईनेछ ।

४. गाउँपालिकाको खरिद प्रक्रियालाई पारदर्शी, अनुमानयोग्य तथा मितव्ययी बनाउनका लागि गाउँपालिकाको खरिद समितीको सक्रियता तथा क्रियाशिलता अभिवृद्धि गरी बार्षिक खरिद गुरुयोजना तयार गरी खरिद कार्यलाई थप व्यवस्थित गरिनेछ ।

५. गाउँपालिका र मातहतमा रहेको जिन्सि सामानहरुको विवरण चुस्त दुरुस्त राखी नेपाल सरकारले तोकेको PAMS जिन्सि सफ्टवेयरलाई लागु गरी नियमित जिन्सि निरिक्षणको व्यवस्था मिलाईनेछ ।

**अन्त्यमा**

दोरम्बा गाउपालिकाको वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा अमूल्य सुझाव दिनुहुने राजश्व परामर्श समिति, स्रोत अनुमान तथा सीमा निर्धारण समिति, विभिन्न विषयगत समितिका पदाधिकारीज्यूहरु, सर्वपक्षीय भेलामा सुझाव दिनुहुन सबै महानुभावहरु, अहोरात्र खटिएका कार्यालय प्रमुख एवम् सम्पूर्ण कर्मचारी मित्रहरु, राजनीतिक दलका पदाधिकारीज्यूहरु, संघ-संस्थाका कर्मचारी, पत्रकार मित्रहरु, उद्योगी, समाजसेवी लगायत सबैमा धन्यवाद ज्ञापन गर्न चाहन्छु । साथै यस नीति तथा कार्यक्रम कार्यान्वयनमा सबै जनप्रतिनिधि, कर्मचारीवर्ग, उद्योगी, व्यवसायी, राजनीतिक दलहरु, पत्रकार, वुद्धिजिवी लगायत सबैको सहयोग र समन्वयको अपेक्षा गर्दछु ।

धन्यवाद !!!

मितिः २०७८/०३/१०

कमानसिं तामाङ (मोक्तान)

**अध्यक्ष**